# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी,कैलाली,७ नं. प्रदेश,नेपाल

आ.ले.प.०७६।०७७
च.नं.

**विषय :-सरसफाई शुल्क संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि सूचना ।**

दोस्रो ~~प्रथम~~ पटक प्रकाशित मिति:२०७७।२।३२

पहिला पेश भएका सिलबन्दि खामहरू यथावत रहने गरी यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र देश बाहिरबाट भित्रिने व्यापारिक प्रयोजनका तरकारी,फलफुल र माछाहरू खरिद बिकि गर्दा स्थानीय बजारमा फोहर हुने र सरसफाई गर्ने प्रयोजनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ बमोजिम सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान बमोजिम आगामी आ.व.०७७।०७८ का लागि यस उप-महानगरपालिका बाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने ईच्छुक व्यक्ति,फर्म वा संघ संस्थाको जानकारीको लागि यो १५ दिने सिलबन्दि आहवानको सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिलका शर्तहरू</u>

१। न्यूनतम ठेक्का अंक रू १५,५०,०००।( पन्ध्र लाख पचास हजार मात्र VAT बाहेक ) कायम गरिएको छ । ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले ०७८ साल असार मसान्तसम्म कायम रहने छ

२। तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाईने छैन,तोकिएको सिमाभन्दा बाहिर गई कर असूली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

३। बोलपत्र मिति २०७७।३।१४ गते कार्यालय समयभित्र राजश्व शाखाबाट (रू १०००। फिर्ता नहुने गरी) खरीद गर्न सकिने छ ।

४। बोलपत्र मिति २०७७।३।१५ गते दिनको १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ । बोलपत्र मिति २०७७।३।१५ गते दिनको २.०० वजे खोलिने हुंदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्नेछैन ।

५। बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ ।

६। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७००३०३००००२ मा नगद जम्मा वा सो रकम बराबरको ९० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ ।

७। बोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्वारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

८। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

९। बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०। यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन

११। जुनसुकै अवस्थामा बजार वन्द हुनगएमा वा व्यापारिक संख्या घट्न गएमा सो अवधिको ठेक्का अंकमा छुटको हक दावि गर्न पाईने छैन ।

१२। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner